नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२] काठमाडौं, माघ १५ गते २०१९ साल [संख्या ४१

श्री ५ को सरकार

गृह मन्त्रालयको

सूचना

नेपाल विशेष अदालत ऐन २०१३ (समय समयमा भएको संशोधनसहित) को दफा ३ र ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

विशेष पुलिस विभागबाट खोज बुझ भएको नेपाल नेश्नल रोडवेज तथा नेपाल ट्रान्सपोर्ट अन्डर टेकिङ प्राइवेटलिमिटेडका जनरल मेनेजर शिवचन्द्रकुमारका विरूद्धको झुट्ठा विवरण पेश गरी सरकारको भंसार महसुल नोक्सान पारी खायो भन्ने मुद्दा हेरी किनारा लगाउन काठमाडौं विशेष अदालतलाई सुम्पिएको छ (र)

नेपाल नेश्नल रोडवेज तथा नेपाल ट्रान्सपोर्ट अन्डर टेकिङ प्राइवेट लिमिटेड र सो कम्पनीका जनरल मैनेजर शिवचन्द्रकुमारका विरूद्ध सोही कम्पनीका डाइरेक्टर श्री जनार्दन-राज पाण्डेको व्यक्तिगत गैरकानूनी नोक्सानी भयो भन्ने र कम्पनीको अरू अनियमित काम भयो भन्ने विषयमा ऐनका म्यादभित्र पर्ने दायर हुने उजूरी तथा मुद्दाहरू पनि सोही काठमाडौं विशेष अदालतले ली हेरी कारवाइ किनारा गरिदिने गरी तोकिएको छ।

आज्ञाले-
मे. ज. क्षेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव,
गृह मन्त्रालय।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।